# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

फोन नः ०६१-५५५
Postal Code: 6X9P+4F Pokhara
ईमेलः info@pokharamun.gov.np
वेभसाइटः pokharamun.gov.np

पत्र संख्याः ०८२/८३
चलानी नं. ११२८

मितिः २०८२/०५/१६
ने.स. ११४५ ञलाथ्व १, सोमबार

श्री वडा अध्यक्षज्यूहरु,
वडा नं १ देखि ३३ (सबै)
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै),
पोखरा महानगरपालिका ।

**विषयः उपस्थिति सम्बन्धमा ।**

प्रस्तुत विषयमा पोखरा महानगरपालिकाका श्रीमान् नगर प्रमुखज्यूको निर्देशन अनुसार महानगर नगर कार्यपालिकाको ५२औँ बैठक तपशिलको मिति, समय र स्थानमा बस्ने भएकोले यहाँको उपस्थितिका लागि निर्देशानुसार अनुरोध छ । साथै कार्यपालिका बैठकका कार्यसूची (एजेण्डा) यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा समेत अनुरोध छ ।

**तपशिलः**

मितिः २०८२ भदौ १७ गते (मंगलबार)
समयःबिहान ८:०० बजे
स्थानः पोखरा महानगरपालिकाको सभाकक्ष ।

मुक्तिराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थः**

श्रीमान् प्रमुखज्यू/उप-प्रमुखज्यू, पोखरा महानगरपालिका ।

पोखरा महानगरपालिका

न्यूरोड, पोखरा

## कार्यपालिकाको ५२ औं बैठकका प्रस्तावहरुः

१. महानगरमा खटिई आउनुभएका प्रमुख प्रशासकीय अधिकृतको स्वागत सम्बन्धमा ।

२. ५१ औं कार्यपालिका बैठकको निर्णय सम्बन्धमा ।

३. विधायन समितिमा छलफल भई पेश भएका तपशिल बमोजिमका कार्यविधी, मापदण्ड स्वीकृत सम्बन्धमा ।

क. समाजसेवी तथा बालमनोविज्ञ परिचालन कार्यविधि, २०८२

ख. पोखरा महानगरपालिका शवदाह गृह सञ्चालन कार्यविधि, २०८२

४. ५१औं का.पा. बैठकका निर्णयबाट समिति मार्फत छलफल भई आउने प्रस्तावहरु ।

क. बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकाबमोजिम बालमैत्री कार्यक्रम गर्न वडा छनौट गर्ने सम्बन्धमा ।

ख. पोखरा ३३, चवादी सुरौदी खोला पुल निर्माण ठेक्काको Third Party Verification गर्ने सम्बन्धमा ।

ग. वडा नं ११ को रानीपौवा चोकको सडकमा परेको घर/जग्गा, वडा नं ७, १३, २५ र २६ मा सडक मापदण्डमा परेका घर/जग्गाको क्षतिपूर्ति रकम सम्बन्धमा ।

घ. अमिर भण्डारी समेत ३ जनाको तह वृद्धि सम्बन्धमा ।

ङ. विपद् व्यवस्थापन कार्यमा प्रयोग भएका ह्युमपाइपको खरिद रकम रु २० लाख कोषबाट भूक्तानी सम्बन्धमा ।(वडा नं ३२)

च. राष्ट्रिय बीमा कार्यक्रमबाट महानगरमा प्राप्त हुने रकमबाट कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

५. नेपाल राष्ट्रिय दलित जनविकास संस्थाको जग्गाधनी प्रमाणपत्र सम्बन्धमा ।

६. मुसाफिर दास तत्मालाई बीमा बापतको बाँकी रकम भूक्तानी सम्बन्धमा ।

७. विविध ।

प्रमुख प्रशासकीय अधिकृत

मिति -२०८२/०५/१७ गते (मंगलबार) स्थान - पो.म.न.पा.कार्यालयको सभाकक्ष

बैठक संख्या -५२ समय - बिहान- ८ -०० बजे

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक पोखरा महानगरपालिका कार्यालयको सभाकक्षमा तपशिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिति

| सि.नं. | पद | पोखरा महानगरपालिका | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | श्री मुक्तिराम अर्याल | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं. १ | श्री शाहारा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं. २ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं. ५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं. ६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं. ७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं. ८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं. ९ | श्री दिपेन्द्र मर्सानी | |

| | | | | |
|---|---|---|---|---|
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं. १० | श्री राजेश गुरुङ्ग | |
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं. ११ | श्री प्रेम प्रसाद कर्माचार्य | |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं. १२ | श्री सन्तोष बास्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं. १३ | श्री किरण बराल | |
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं. १४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं. १५ | श्री तोरण बहादुर बाँनिया | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं. १६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं. १७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं. १८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं. १९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं. २० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं. २१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं. २२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं. २३ | श्री रामकाजी गुरुङ्ग | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं. २४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं. २५ | श्री मोतिलाल तिमिल्सीना | |

| | | | | |
|---|---|---|---|---|
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं. २६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं. २७ | श्री पूर्णकुमार गुरुङ्ग | |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं. २८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं. २९ | श्री श्रीप्रसाद गुरुङ्ग | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं. ३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं. ३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं. ३२ | श्री अक्कल बहादुर कार्की | |
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोबिन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोख्रेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |

**पोखरा महानगरपालिका**

न्युरोड, पोखरा

**५२औं कार्यपालिका बैठक(मिति २०८२/०५/१७) का निर्णयहरुः**

**निर्णय नं. १**

महानगरमा सरुवा भई आउनुभएका प्रमुख प्रशासकीय अधिकृत श्री मुक्तिराम अर्याललाई नगर कार्यपालिकाबाट महानगरपालिकामा स्वागत कार्य सम्पन्न गरियो ।

**निर्णय नं. २**

५१औं कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा छलफल गरियो ।

**निर्णय नं.३**

पोखरा महानगरपालिका विधायन समितिमा छलफल भई पेश भएका तपशिल बमोजिमका कार्यविधि कार्यपालिकामा छलफल पश्चात् सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो । स्वीकृत भएका कार्यविधि

क. समाजसेवी तथा बालमनोविज्ञ परिचालन कार्यविधि, २०८२ (कार्यविधि अनुसूची-१ मा उल्लेख गरिएको छ।)

ख. पोखरा महानगरपालिका शवदाह गृह सञ्चालन कार्यविधि, २०८२(कार्यविधि अनुसूची-२ मा उल्लेख गरिएको छ।)

**निर्णय नं.४**

५१औं कार्यपालिका बैठकको निर्णयबाट विषयगत समितिमा छलफलका लागि पठाइएका विषयहरु सम्बन्धित समितिबाट छलफल गरी कार्यपालिका समक्ष पेश भएका राय/सिफारिस सम्बन्धमा तपशिल बमोजिम गर्नेः

क. बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका बमोजिम बालमैत्री कार्यक्रम संचालन गर्न वडाहरू छनोट गर्ने सम्बन्धमा कार्यपालिका समक्ष पेश भएको प्रस्ताव बमोजिम आ.व. २०८२/८३ मा बालमैत्री कार्यक्रम संचालन गर्न वडा नं. १.५.१५.२२.२३ र २९ लाई छनौट गर्ने र बालमैत्री वडा घोषणा गर्न पूरा गर्नुपर्ने Indicators(सूचक) हरुको सूची सबै वडामा पठाउने निर्णय गरियो ।

ख. पोखरा महानगरपालिका वडा नं ३३ मा आ.व. २०८०/८१ मा सम्पन्न गर्ने गरी Construction of Chawadi Suraudi Khola Prestessed Bridge को निर्माण कार्यका लागि यस कार्यालय र Mrit Sanjiwani JV Pokhara वीच सम्झौता भएकोमा पुलको डिजाइनमा त्रुटी हुन गई निर्माण कार्यमा पटक पटक अवरुद्ध आएको विषयका सम्बन्धमा निर्माण कार्य सुचारु गर्न मिल्ने/नमिल्ने, खरिद प्रक्रिया तोड्ने/नतोड्ने सम्बन्धमा Third Party Verification बाट प्राप्त राय/सिफारिस बमोजिम ठेक्का सूचारु गर्ने वा तोड्ने विषयमा पूर्वाधार विकास समितिमा छलफल गरी आगामी कार्यपालिकामा राय/सुझाव पेश गर्न पूर्वाधार विकास महाशाखा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो ।

ग. पोखरा महानगरपालिका वडा नं ३२ स्थित आपतकालिन रुपमा विपद् व्यवस्थापन कार्यका लागि ह्युमपाइप खरिद गर्न प्राविधिकबाट पेश भएको लागत अनुमान बमोजिम खरिद गरिएका ह्युमपाइप खरिद बापतको रकम रु २० लाख विपद् व्यवस्थापन कोषबाट नियमानुसार भुक्तानी दिने सम्बन्धी विपद् व्यवस्थापन समितिको मिति २०८१/०६/३० (बैठक संख्या ११) को निर्णयानुसार थप अध्ययन र छलफल आवश्यक रहेको भनी सुझाव पेश भएकोले यस सम्बन्धमा आगामी कार्यपालिका बैठकमा राय/सिफारिस पेश गर्न पर्यटन तथा शहरी विकास महाशाखा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो ।

घ. पोखरा महानगरपालिका वडा नं १७ र २५ मा स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत प्रथम सेवा बिन्दुको रुपमा सेवा सुचारु गर्न आवश्यक पर्ने जनशक्ति प्राप्त गर्न र सेवा प्रवाह प्रभावकारी बनाउने सन्दर्भमा आवश्यक प्रकृया अगाडि बढाउन स्वास्थ्य महाशाखालाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ५

पोखरा महानगरपालिका वडा नं. १३ कुँडहर, मौलापाटनमा रहेको नेपाल राष्ट्रिय दलित जनविकास संस्था जिल्ला कार्य समिति कास्कीको मिति २०८१/०६/०१ गतेको पत्रबाट पिछडिएका दलित वर्गको लागि भवनको अति आवश्यक परेको हुनाले तत्कालिन पोखरा नगर पञ्चायत कार्यालयबाट मिति २०३८/१०/२५ मा संस्थाको लागि जग्गा उपलब्ध भएको र सोही संस्थाको कित्ता नं. १५९ को कित्तामा रहेको मोहडा २५ पिछाड ३० हात जग्गा प्राप्तिका लागि सम्बन्धित वडा कार्यालयबाट आवश्यक कागजात माग गरी आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो।

निर्णय नं. ६

पोखरा महानगरपालिकाको अस्थायी ल्याण्डफिल्ड साइट पोखरा ३२ लामेआहालमा डोर हाजिरीमा कार्यरत श्री मुसाफिर दास तत्माको फोहोरमैला व्यवस्थापनको क्रममा दुर्घटनामा परी मृत्यु भएको। मिति २०८० साल असार २१ गते मृतकको श्रीमतीहरु भेष कुमारी दास तत्मा र लरुवती तत्मनीलाई रु ३,००,०००। (अक्षेरुपी तीन लाख) भुक्तानी भएकोमा बीमा वापत नियमानुसार मृतकले प्राप्त गर्नुपर्ने रकम रु ५,००,०००। (अक्षेरुपी पाँच लाख) हुनुपर्नेमा रु ३,००,०००।- मात्र भुक्तानी भएकोले यस सम्बन्धमा ज्यान सम्बन्धी कसुर मुद्धामा अनुसन्धान तहकिकात भइरहेको र बाँकी बीमा रकम सम्बन्धमा इलाका प्रहरी कार्यालय, अपराध अनुसन्धान तथा कारवाही शाखा, शिशुवा, कास्कीबाट पटक पटक ताकेता भएको विषय समेतलाई मध्येनजर गरी कानून बमोजिमको माथवर व्यक्तिलाई बीमा वापतको बाँकी रकम रु २,००,०००।- (अक्षरुपी दुई लाख मात्र) आर्थिक प्रशासन महाशाखाबाट एकिन गरिएको उपयुक्त बजेट शिर्षकबाट रकम भूक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. ७

पोखरा महानगरपालिकाबाट मिति २०८२/०२/१२ मा प्रथम र दोस्रो पटक २०८२/०३/१७ मा प्रकाशित बोलपत्र आब्हानको सूचना नं ४१/PMC/Rev/२०८१/०८२ बमोजिम पोखरा महानगरपालिका भित्र रहेका यात्रुबस प्रतिक्षालयहरुको रोयल्टी संकलन गर्नका लागि रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाता श्री साईन हव प्रा लि.लाई सम्झौताको लागि मिति २०८२/०४/०८ गते आशयको सूचना प्रकाशित भई च.नं. ३३८ मिति २०८२/०४/१५ गतेको पत्रबाट सम्झौताको लागि उपस्थित हुन पत्राचार गरिएकोमा पुनः उक्त कम्पनीले मिति २०८२/०४/२७ मा सम्झौता सम्बन्धमा थप स्पष्टता माग गरेकोमा यस कार्यालयबाट २०८२/०४/२९ मा विड फारामको बुँदा नं १५ र १६ बमोजिम सम्झौताको समयमा नै व्यवस्था गरिने जानकारीको पत्र पठाईएकोमा पुन उक्त फर्मले मिति २०८२/०४/३० मा सम्झौताको लागि भाद्र २६ सम्म म्याद थप माग गरेको सम्वन्धमा पोखरा महानगरपालिकाको आय ठेक्का बन्दोबस्ती नियमावली, २०७७ मा स्पष्ट नभएकोले एवं यसप्रकारको नियमावली व्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा निहित हुने भएकोले, लामो समयबाट यात्रुबस प्रतिक्षालयहरुको रोयल्टी संकलन हुन नसकेको, एक मात्र प्रस्तावदाताबाट बोलपत्र पेश हुन आएको, पुन बोलपत्र आव्हान गर्दा समय र रकम दुवै खर्च लाग्ने भएको एवं पुन बोलपत्र आव्हान हुँदा कम कबोल अंकमा बोलपत्र पेश भएमा कार्यालयलाई हानी नोक्सानी समेत पर्ने अवस्था देखिएकोले उक्त बोलपत्रदातालाई राजश्व महाशाखाको प्रस्ताव बमोजिम मिति २०८२/०५/२६ गते सम्म म्याद थप गरी सम्झौता प्रकृया अगाडी बढाउन राजश्व महाशाखालाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ८

पोखरा महानगरपालिकाबाट राजश्व संकलन गर्न महालेखा नियन्त्रक कार्यालयबाट स्वीकृत SUTRA राजश्व प्रणाली व्यवस्थित गरी करदाताको विवरण यथार्थपरक, त्रुटिरहित बनाई व्यवसाय कर, बहाल कर, सम्पत्तिकर समेतको विस्तार गर्न थप कर्मचारी परिचालन, तालिम सञ्चालन तथा अनुगमनमा खटिने कर्मचारीलाई प्रोत्साहान स्वरुप प्रोत्साहान भत्ता उपलब्ध गराउने सम्बन्धमा तयार भएको कार्यविधिका विषयमा आर्थिक प्रशासन महाशाखा प्रमुखसँग परामर्श गरी आवश्यक निर्णय गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं. ९

महानगरपालिका क्षेत्रभित्र आयोजना गरिने कार्यक्रमहरुमा आयोजकबाट कार्यक्रममा आमन्त्रण गरिने पाहुनाहरुको स्वागतका लागि Road-cross स्वागत गेट निर्माण गर्न अनुमति माग गर्ने प्रवृत्ति बढ्दै गएको देखिएकोले कुनै पनि कार्यक्रमका लागि कार्यक्रम स्थलमा एउटा मात्र गेट निर्माण गर्न अनुमति प्रदान गर्ने र सो बाहेक सडकमा Road-cross स्वागत गेट निर्माण गर्न अनुमति प्रदान नगर्ने निर्णय गरियो।

निर्णय नं. १०

कास्की आदर्श समाज अन्तराष्ट्रिय समन्वय परिषद्को सन् २०२५ जुन १२ को पत्रबाट सोही परिषद्को आयोजनामा सन् २०२५ सेप्टेम्बर ०६ देखि ०७ तारिख सम्म बरदुबा, दुबईको क्लब एभरेष्ट, एस्टोरिया होटलमा "कास्केलीहरु बीच सहकार्य, एकता, सँस्कृति र पर्यटनको प्रवर्द्धनः जन्मस्थलको समृद्धिका लागि दुवईमा विश्व सम्मेलन" भन्ने नाराका साथ आयोजना हुने "पहिलो अन्तराष्ट्रिय कास्की सम्मेलन २०२५" को साँस्कृतिक कार्यक्रममा महानगर प्रमुखलाई विशेष अतिथिको रुपमा सहभागी हुन प्राप्त निमन्त्रणा महानगरपालिकालाई आर्थिक दायित्व नपर्ने गरी स्वीकार गर्ने निर्णय गरियो।

निर्णय नं. ११

केरेला सरकारको Minister For Local Self Government, Excise & Parliamentary Affairs, Thiruvananthapuram को आयोजनामा सन् २०२५ सेप्टेम्बर १२ देखि १३ तारिख सम्म The Grand Hyatt, Kochi Boigatty मा आयोजना हुने **Kerala Urban Conclave, 2025** कार्यक्रममा महानगर प्रमुखलाई सहभागी हुन प्राप्त निमन्त्रणा महानगरपालिकालाई आर्थिक दायित्व नपर्ने गरी स्वीकार गर्ने निर्णय गरियो।

निर्णय नं. १२

पोखरा महानगरपालिका वडा नं ८ स्थित जनप्रिय माध्यमिक विद्यालयको मिति २०८२/०५/०३ को पत्रबाट भएको अनुरोध बमोजिम विकासका लागि ऐक्यबद्धता (SOD) संस्थासँगको साझेदारीमा उक्त विद्यालय भवनमा ट्रस निर्माण, कम्प्युटर तथा प्राविधिक सीप विकासका लागि जम्मा रु १ करोडको लागत अनुमान पेश भएकोमा लागत अनुमानको ३० प्रतिशतले हुन आउने रकम रु ३० लाख र पोखरा म.न.पा. ३३ स्थित सरस्वती टीका माध्यमिक विद्यालयको मिति २०८२/०५/०८ को पत्रबाट भएको अनुरोध बमोजिम विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई प्राविधिक सीप सिकाउने उद्धेश्यले पाकशाला तालिम (Professional Cook Training) सञ्चालन गर्नका लागि सोही संस्था (SOD) सँगको लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने गरी रु ७२ लाख ७५ हजारको लागत अनुमान पेश भएकोमा लागत अनुमानको ३० प्रतिशतले हुन आउने रकम रु २२ लाख गरी जम्मा रु ५२ लाख आर्थिक दायित्व आ.व. २०८२/०८३ को बार्षिक विकास कार्यक्रमको Matching Fund बाट व्यवस्थापन गर्ने गरी बजेट सुनिश्चित गर्ने निर्णय गरियो।